# जिल्ला समन्वय समितिको कार्यालय, ललितपुर

मानभवन, बागमती प्रदेश, नेपाल


प.सं. ०८२/८३ चलानी नम्बर २५७ मिति २०८३/०२/२९

श्री स्थानीय तहहरु (सबै),
ललितपुर ।

**विषयः कृषिक्षेत्र सम्वद्ध सुझाव तथा सिफारिस कार्यान्वयन सम्बन्धमा ।**

जिल्ला समन्वय समिति, ललितपुरको अग्रसरतामा मिति २०८३।२।२२ गते ललितपुर जिल्ला केन्द्रित कृषि क्षेत्रको विकास सम्बन्धी एकदिने नीतिगत बहस अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको व्यहोरा अनुरोध छ । उक्त कार्यक्रममा सहभागी स्थानीय तहका जनप्रतिनिधीहरु, अग्रज कृषकहरु, कृषि उद्यमी, एग्रोभेट व्यवसायी तथा कृषि उपज बिक्रेता, उपभोक्ता हित संरक्षणमा पैरवीकर्ता तथा कृषिक्षेत्रमा आवद्ध सरकारी कार्यालय र स्थानीय तहका कृषि तथा पशु सेवा शाखामा कार्यरत प्राविधिकहरुले उठाएका जिज्ञासा तथा सुझावहरुमध्ये तत्काल कार्यान्वयनयुक्त र स्थानीय तहको क्षेत्राधिकारभित्र पर्ने केही बुँदाहरु समावेश गरिएको छ । यी पृष्ठपोषण तथा सिफारिसहरु आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा अधिकतम रुपमा समेटिने अपेक्षा सहित पठाईएको ब्यहोरा आदेशानुसार अनुरोध छ ।

## सुझाव तथा सिफारिसहरु

१. *वार्षिक नीति कार्यक्रम तथा बजेटमा कृषिलाई प्राथमिकता सम्बन्धमा*

खाद्य सुरक्षा मुलुकको स्वतन्त्रता, सार्वभौमिकता र राष्ट्रिय सुरक्षाको आधारस्तम्भ हो । खाद्यसुरक्षामा आत्मनिर्भरता, धेरै जनताको जीवनयापनसँग जोडिएको खाद्य सुरक्षामा पोषण आदिसँग जोडिएको कृषि एवं पशु क्षेत्र लक्षित सबै स्थानीय तहको बार्षिक नीति कार्यक्रम एवं वजेटमा विशेष प्राथमिकता दिनुपर्ने ।

२. *कृषि प्रयोजनको जग्गा भाडा लिने दिने व्यवस्था सम्बन्धमा*

उपत्यकाभित्र धेरै स्थानमा जग्गा भाडामा लिई मौसमी तथा बेमौसमी रुपमा तरकारी खेती एवं पशुपालन गर्ने कृषकको संख्या उल्लेख्य रहेको छ । यस्ता कृषकहरु मध्ये वहुसंख्यक उपत्यका बाहिरका नेपाली र केही मात्रामा अन्य देशका नागरिक रहने गरेको अवस्थाबाट सवै अवगत नै भएको । यस्ता कृषकले एकातिर अस्वभाविक भाडा तिर्नु परेको र उक्त भाडा पनि जग्गाधनीहरुले स्वेच्छचारी तवरले एकातर्फी बढाउने गरेको भनी कृषकंहरुको दुखेसो रहेको छ । यसको अतिरिक्त जग्गाधनीहरुले कृषकसँग लिखित सम्झौता नगरिदिंदा/नगर्दा वित्तीय संस्थाबाट ऋण लिन नपाएको गुनासो । यसको अतिरिक्त स्थानीय तहले कृषकलाई



Email:-dcclatcoco2075@gmail.com phone no:-01-5453747, 01-5455115, 01-5425021

समन्वय अधिकारी

उपलब्ध गराउने अनुदान वा सहुलियत प्राप्त गर्न स्थानीय बासिन्दा हुनुपर्ने प्रावधान समेत राखेकोले थप प्रताडित हुनु परेको गुनासो । एउटै देशका नागरिक त्यो पनि कृषि क्षेत्रमा संलग्न रही हाम्रो दैनिक अनिवार्य आवश्यकतामा योगदान गर्नेहरु निरुत्साहित हुने अवस्थाको संवेदनशीलतालाई मध्यनजर गरी उपयुक्त समाधानको लागि भई स्थानीय तहले नीतिगत रुपमै संबोधन गर्न उपयुक्त हुने ।

३. *कृषिमा आधारित व्यवसायको व्यवसाय दर्ता एवं नविकरण र सिफारिस शुल्क सम्बन्धमा*

अन्य पेशा वा क्षेत्रको व्यवसाय जस्तो कृषिलाई पनि एउटै वर्गमा राखी दर्ता नविकरण एवं सिफारिस शुल्क उच्च राखिएकोले धेरै संख्यामा सानो स्तरका कृषकहरु स्थानीय तहमा दर्ता हुन अनिच्छुक हुने । एकपटक दर्ता भै हालेमा पनि व्यवसाय नवीकरण नगर्ने र नविकरण नगरेको कारणबाट कृषकहरु सिफारिस लगायत सुविधाबाट बञ्चित हुन विवश भएको स्थिति । उपरोक्त समस्यालाई दृष्टिगत गरी स्थानीय तहले कृषि फर्महरु दर्ता नवीकरण शुल्क दस्तुरमा पुनरावलोकन गर्न उपयुक्त देखिएको यस विषयमा स्थानीय राजस्व परामर्श समितिले समीक्षा गरी सुधारको लागि सिफारिस गर्न मनासिव हुने ।

४. *किसान स्वयं र उपभोक्ताको स्वास्थ प्रति संवेदनशीलता सम्बन्धमा*

विभिन्न स्थानबाट संकलित हरियो तरकारी सागसब्जीहरुको नमुना परिक्षण गर्दा विषादिको अवशेष जोखिमपूर्ण स्तरमा रहेका समाचारहरुबाट हामी सवै अवगत नै छौं । विषादीको प्रयोगको सम्बन्धमा कृषकहरुलाई ज्ञान, सीप, सचेतना एवं बढाउन सकेमा स्वयंम कृषक र उपभोक्ताको स्वास्थ्यमा सुधार हुने भएकाले उक्त संवदनशील विषयलाई संवोधन गर्नुपर्ने । यसको लागि कृषक तथा एग्रोभेट संचालक लक्षित कार्यक्रम समावेश हुनु पर्ने ।

५. *स्थानीय उत्पादन बिक्री स्थलको प्रबन्ध सम्बन्धमा*

जिल्ला भित्रका वा स्थानीय कृषकले आफ्नो उत्पादन बेच्ने स्थल नपाउँदा भौतारिन परेको बाध्यता गुनासो रहेको । ग्रामीण र शहरी स्थानीयतह बीच सहकार्य हुन सकेमा जिल्लाको उत्पादनमा गुणस्तर स्वच्छता कायम गरी अन्तर स्थानीय तह समन्वय सहकार्य गर्न सकिने सम्भावना रहेकाले यसतर्फ विशेष पहल आवश्यक देखिएको ।

६. *विशिष्टीकृत संस्थाहरु र स्थानीय सरकारबीच सहकार्य सम्बन्धमा*

नार्क, हर्वोरियम, पुष्प विकास केन्द्र, मत्स्य विकास केन्द्र जस्ता कृषिक्षेत्र केन्द्रित विभिन्न विशिष्टीकृत संस्थाहरु यसै जिल्लामै भएता पनि जिल्लाका कृषकले लाभ खासै लिन नसकेको अवस्था छ । यसै विषयमा स्थानीय तह र विशिष्टीकृत संस्था/निकाय कार्यालयहरुबीच सहकार्य हुन सकेमा कृषकहरुमा आधुनिक ज्ञानसीप, प्रविधि हस्तान्तरण हुने र कतिपय बस्तु/उत्पादनमा व्यवसायिकता कायम गर्न सकिने भएकाले स्थानीय तहकै नीतिमा यस्ता विषय समावेश गरिनुपर्ने ।



Email:-dcclatcoco2075@gmail.com phone no:-01-5453747, 01-5455115, 01-5425021

समन्वय अधिकारी

७. *कृषकलाई उपलब्ध गराइने अनुदानमा एकद्धार प्रणालीको अवलम्वन सम्बन्धमा*

कृषकहरुलाई संघीय एवं प्रादेशिक कार्यालय र स्थानीय तहहरुबाट विभिन्न प्रकारका अनुदानहरु उपलब्ध गराईंदै आइएको अवस्था अवगत नै छ । यस्ता अनुदानहरुको विषयमा अनेक प्रकारका आलोचना हुने गरेको छ । कागज बनाउन जान्नेले पाएको, कसैले दोहोरो देहोरो पाउने, कसैले नपाउने त्यसमा पनि अनुदान लिनेहरुले उद्धेश्य अनुसार काम गरेको आदि । यस्ता अनुदानहरुलाई एकद्धार प्रणालीबाट संचालन गर्न स्थानीय तहहरु जिम्मेवार र जवाफदेही हुनु पर्ने साथै यसको बिकल्प पनि नभएको । अन्य सरकारी तथा संघ संस्थाहरुले वित्तीय, प्राविधिक सेवा सहयोग उपलब्ध गराउनु उपयुक्त हुने भएकाले सोको लागि स्थानीय तहको नीतिमा स्पष्ट प्रावधान सहित तयारी गर्नुपर्ने र सोको लागि कृषि एवं पशु शाखालाई सक्षम र जिम्मेवार बनाउन प्राथमिकता दिनु पर्ने ।

८. *एक वडा एक उत्पादन सम्बन्धमा*

आर्थिक कृयाकलापको बिस्तार तथा आत्मनिर्भरता उन्मुख बनाउनु वा हुनु स्थानीय सरकारको अभिन्न उद्देश्य हो । स्थानीय शासन कार्यसम्पादन प्रणाली LGPAS मा प्रत्येक स्थानीय तहले आफ्ना वडाहरुलाई वडागत उत्पादनमा विशिष्टीकृत गर्नुपर्ने व्यवस्था रहेको छ । यसै अनुरुप अन्य व्यवस्थाका प्रावधान गर्नुपर्ने व्यवस्था समावेश गरेको छ । सोको लागि प्रत्येक स्थानीय तहले आफ्ना सवै वडाको उत्पादन विशिष्टता र प्रमुख कार्यक्रम खोजेको छ । सो अवस्थालाई समेत दृष्टिगत गरी नीतिगत रुपमै एक वडा एक उत्पादन विशिष्टितता घोषणा तथा सो अनुरुप प्रमुख कार्यक्रम समावेश गर्नुपर्ने सिफारिस गरिएको ।

९. *कम्पोष्ट मलको उपयोग बढाउने र रासायनिक मलको प्रयोग खपत घटाउने सम्बन्धमा*

कोन्ज्योसोम, महांकाल लगायतका स्थानीयमा गोबर मलको उत्पादन उल्लेख्य रहेको । पशुपालन कृषककहरु मल बेच्न नसकिएको वा माग कतै नभएको गुनासो छ भने शहरी भेगमा प्याकेज भएको अति महंगा आयातित कम्पोष्टमल भारी मंहगोमा विक्री वितरण भइरहेको छ । दुरीगत दृष्टिले टाढा नभएकोले कम्पोष्ट मलको माध्यमबाट जिल्लाका कृषकहरु लाभान्वित हुने सम्भवाना उच्च भएकाले त्यसको लागि विशेप पहल स्थानीय तहबाट आवश्यक रहेको छ । यसबाट प्राङगारिक मलको गुणस्तर सुधार गर्न, खपत बढाउन र रासायनिक मलको निर्भरता कम गरी उपभोक्ताको स्वास्थ्य हित प्रवर्द्धन हुनुका साथै कृषकको लागत घटाउनेतर्फ नीति एवं कार्यक्रम माग भएकोले स्थानीय तहहरुबाट बिशेष पहल गर्न अनुरोध गरिएको ।

१०. *पशु आहार (दाना तथा सुख्खा घाँस) आत्मनिर्भरता बढाई उत्पादन लागत घटाउने विषयमा*



Email:-dcclatcoco2075@gmail.com phone no:-01-5453747, 01-5455115, 01-5425021

जिल्ला समन्वय अधिकारी

यस जिल्लामा दुधको उत्पादन सुखद रहेको छ । साथै नयाँ किसानहरु पनि आकर्षित भएको पाईन्छ । एकातिर पशु दानाको मुल्य अस्वभाविक रुपमा बढेको र अर्कोतिर सुख्खा घास पराल मधेशबाट बोरामा ढुवानी गरी गाउँ गाउँमा ढुवानी गरी पशुलाई खुवाउन किसान बाध्य छन । स्थानीय स्तरमा पोषणयुक्त घाँसको उत्पादन बढाउन र संचय गर्ने सीप तथा प्रविधि किसानलाई हस्तान्तरण गर्न स्थानीयतहले अगुवाई गर्न सक्छन् साथै जिम्मेवारी पनि भएकाले उसको लागि बिशेष पहल हुनु पर्ने देखिन्छ ।

११. *कृषि सम्वद्ध सूचनाहरु तथ्यांक संकलन एवं प्रशोधन सम्वन्धमा*

हरेक स्थानीय तहले कृषि उपजको एकीकृत एवं वर्गीकृत विवरण तयार गर्नु पर्दछ । यसको लागि कृषि शाखामा आवद्ध कर्मचारी वडा कार्यालय, सहकारी संस्था एवं संस्थागत समन्वयको आवश्यक पर्दछ । सो को लागि स्थानीय सरकारको बिशेष पहल साथै स्वामित्वबोध आवश्यक रहेको ।

१२. *विद्यालय दिवाखाजामा स्थानीय उत्पादनको प्रयोगलाई अनिवार्यता विषयमा*

हरेक स्थानीय सरकारले स्थानीय उत्पादनलाई प्रोत्साहन वा प्रर्वद्धन गर्नु आधारभूत दायित्व हो । दिवा खाजामा प्रशोधित तयारी खाजाको प्रचलनले पोषण तथा स्वास्थ समस्या बढाएको मात्र होईन यसले स्थानीय संभवाना तथा अवसरलाई बिस्थापन गर्दै लगेको पनि छ । यसैगरी LGPAS अन्तर्गत प्रत्येक स्थानीयतहका सामुदायिक विद्यालयले दिवाखाजाको बिवरण मेनु स्वीकृत गराई लागू गर्नु पर्ने प्रावधान समावेश गरेको छ। यस तथ्यलाई मध्यनजर गरी स्थानीय सरकारले स्थानीय उत्पादनलाई मात्र दिवा खाजामा प्रयोग गर्ने गरी नीतिगत व्यवस्था वा मापदण्ड लागू गर्न सिफारिस गर्ने ।

**बोधार्थ तथा अवगतार्थ**

**श्री भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
**संघीय मामिला महाशाखा, सिंहदरवार ।**
**श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश, हेटौंडा, मकवानपुर ।**
**श्री कृषि विकास कार्यालय, ललितपुर ।**
**श्री प्रदेश लेखा ईकाई कार्यालय, बागमती प्रदेश, तिनकुने, काठमाडौं ।**

.........................
(हरि नारायण वेल्वासे)
जिल्ला समन्वय अधिकारी

**जिल्ला समन्वय अधिकारी**



Email:-dcclatcoco2075@gmail.com phone no:-01-5453747, 01-5455115, 01-5425021